लौका बज्ने



बिक्रीका लागि होइन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

लौका बज्ने

बिक्री नगर्नु होला ।

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
उषा पोखरेल

चित्राङ्कन
सङ्गी श्रेष्ठ

सम्पादक
शान्तदास मानन्धर

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

बिक्रीका लागि होइन ।

वि.सं. २०७६

पाठ्यक्रम विकास केन्द्र

उहिलेको कुरा हो। जङ्गलछेउको गाउँमा राधा नाउँकी चलाख बुढी बस्थिन्। उनी हुनसम्मकी सानी थिइन्। जङ्गलको अर्को छेउमा उनकी मितिनी बस्थिन्। उनको नाम माया थियो। उनी पनि राधाजत्तिकै सानी थिइन्।



एक दिन राधालाई आफ्नी मितिनीकहाँ जान मन लाग्यो। उनले सोचिन्, "जङ्गलवारि आफू छु, जङ्गलपारि मितिनी छिन्। बाटो लामो छ। ब्वाँसो, स्याल अनि बाघभालुको उत्तिकै डर छ। नहिँडी पुग्ने कसरी ?"



बिक्रीका लागि होइन।

उनले निधार खुम्च्याउँदै सोचिन्। त्यसपछि उनी बाहिर गइन्। उनले एउटा लौका भेट्टाइन्। त्यसमा आफू पस्न मिल्ने गरी एउटा प्वाल पारिन्। लौकाभित्रका बियाँहरू सब झिकेर खोक्रो पारिन्। अनि उनी मुसुक्क हाँसिन्। चिनी र चिउराको पोको बोकिन्। उनी लौकालाई गुडाउँदै जङ्गलछेउ पुगिन्। त्यसपछि लौकाभित्र पसेर थपक्क बस्दै चिनी र चिउरा खान थालिन्।



बिक्रीका लागि होइन ।



प्वालबाट बाहिर हेरेकी बुढी
आमाले हात्ती र छावा देखिन्
र तिनलाई सुनाउन लय हालेर कराइन्–

"लौकाभित्र बसेकी बुढी आमा चिनी चिउरा खान्छिन् ।
एकपल्ट गुडाई हेर, कति पर जान्छिन् ॥"

बिक्रीका लागि होइन ।

गीत गाउने लौका देखेर छावा त छक्क पऱ्यो। छावाले अलिकति अगि सरेर आफ्ना अघिल्ला खुट्टाले धकेलेर हेऱ्यो। लौ, लौका त आफैँ गुडे जस्तै गरेर परसम्म गुरुरुरु गुड्दै गयो।



बिक्रीका लागि होइन ।

एकछिनपछि एउटा हरिण र पाठो घुम्दै फिर्दै लौकानेर आइपुगे। तिनीहरूले लौकालाई देखे। लौकाभित्रकी बुढी आमाले पनि तिनीहरूलाई देखिन्। लौकाभित्रबाट उही गीत निस्क्यो–

"लौकाभित्र बसेकी बुढी आमा चिनी
चिउरा खान्छिन्।
एकपल्ट गुडाई हेर,
कति पर जान्छिन् ॥"



बिक्रीका लागि होइन ।

गीत सुनेर दङ्ग परेको पाठाले लौकालाई अचम्म मानेर हेऱ्यो। उनले यस्सो धकेल्यो। धकेलिएको लौका त एकै चोटि गुरुरुरु गुड्दै परपर पुग्यो। पाठो दङ्ग पर्दै लौकापछि दगुर्न थाल्यो। आमा हरिणले बोलाएपछि भने उनी लुरुक्क फर्क्यो।



बिक्रीका लागि होइन ।

केही छिनपछि लौकाका प्वालबाट बुढी आमाले आमा भालु र बच्चा भालुलाई देखिन्। उनले फेरि गीत गाइन्–

"लौकाभित्र बसेकी बुढी आमा चिनी चिउरा खान्छिन्।
एकपल्ट गुडाई हेर, कति पर जान्छिन् ॥"

लौकाको अनौठो गीत सुनेर सानो भालु छक्क पऱ्यो। उनले लौकालाई राम्ररी धकेलेर हेऱ्यो। यसपालि त लौका अझ राम्ररी गुड्यो। लौका गुरुरुरु गुड्दै जङ्गलको पल्लो छेउसम्मै पुग्यो।



बिक्रीका लागि होइन।

आफ्नी मितिनीको घरछेउ पुगेकी बुढी आमा लौकाबाट बाहिर निस्किन्। दैलोमै मितिनीसँग भेट भयो। उनीहरूले अँगालो हाले अनि अघाउँजी कुरा गरे। उनीहरू मरीमरी हाँसे। मिठो मिठो खाए अनि गीत पनि गाए। रमाउँदै सिङ्गो दिन बिताए।



दिन ढल्न लाग्दा बुढी आमाले भनिन्, "मितिनीज्यू, म जसरी आएको हुँ, उसै गरी फर्किन्छु। अब म यो लौकाभित्र पस्छु र थपक्क बस्छु। मितिनीज्यूले यसलाई एकपल्ट राम्ररी धकेल्दिनुहोला।"

त्यसपछि बुढी आमा चिनी र चिउराको पोको लिएर 'गएँ है!' भन्दै लौकाभित्र पसिन्। अर्की बुढी आमाले लौकालाई धकेल्दिइन्। लौका गुरुरुरु गुड्दै परसम्म पुग्यो।

बिक्रीका लागि होइन

यसपालि लौकाभित्रकी बुढी आमाले बाघ र डमरुलाई देखिन्। बाघ र डमरु नरिसाउन् भनेर मधुरो स्वरमा उनले आफ्नो गीत गाइन्–

"लौकाभित्र बसेकी बुढी आमा चिनी चिउरा खान्छिन्।
एकपल्ट गुडाई हेर, कति पर जान्छिन् ॥"



लौकाले बोलेको सुन्दा डमरु तीनछक पऱ्यो। उनी नजिकै गयो। उनले लौकालाई छोएर हेऱ्यो अनि यस्सो धकेल्यो। नभन्दै लौका त गुड्दै गुड्दै पर, धेरै पर पुग्यो।



त्यसपछि सुन्दरी (बाँदर्नी) ले लौका देखी र त्यसको नजिकै पुगी। उनले खुब ध्यान दिएर हेरी। आफ्नो नजिकै बाँदर्नी देखेपछि लौकाभित्र बसेकी बुढी आमाले सुरिलो भाकामा आफ्नो गीत गाई–

"लौकाभित्र बसेकी बुढी आमा चिनी चिउरा खान्छिन्।
एकपल्ट गुडाई हेर,
कति पर जान्छिन् ॥"

बाँदर्नीले गीत गाउने लौकालाई हेरी र जोडले धकेली । साँच्चै लौका त यसपालि धेरै परसम्म गुड्यो ।

जङ्गलको बाटो गुड्दै ओहोर दोहोर गरेको लौका यताउति ठोक्किँदा अलिअलि चर्किएछ ।

बिक्रीका लागि होइन ।

लौकाभित्र बसेकी बुढी आमाले भनिन्, “घर आइपुगिसकेछ, सब कुरा राम्रो भएछ !” उनी बाहिर निस्कन खोजिन् ।

बाबै ! बाहिर त एउटा स्यालले लौका सुँघ्दै यसो भन्दै थियो, “यो त लौका मात्र रहेनछ । गन्ध आइरहेछ । यसभित्र मेरो खाना छ !”

शैक्षिक लागि होइन ।

स्यालले नछाड्ने भो भन्ने थाहा पाएपछि बुढी आमाले बुद्धिले काम लिन खोजिन् । उनले मधुरो स्वरमा भनिन्, "स्याल दाइ, तपाईँलाई साह्रै भोक लागेको छ, होइन त ?"

"हो त, तिमीलाई कसरी थाहा भयो ?"

"ल, मलाई किन थाहा हुँदैन ? अनुहार देखेपछि म थाहा पाइहाल्छु नि । कस्तो भोको, बिचरो ! मलाई साँच्चै तपाईँको माया लाग्यो ।"



बिक्रीका लागि होइन ।

"लौकाभित्र बसेकी म साह्रै सानी छु। म मेरा केटाकेटीलाई पनि बोलाउँछु, दुई तीन जना छन्। बोलाएपछि ती सबै आउँछन्, अनि मजाले खान्। तिनीहरूलाई खान् अनि मलाई नि खान्। हुन्छ ?"

स्यालले खुसी भएर भन्यो, "हुन्छ। त्यसै गर्छु।"

अनि बुढी आमाले लौकाको प्वालबाट आफ्नो टाउको निकालेर तिखो स्वरमा कराउँदै बोलाइन्, "ए लालु !", "ए भोलु !"

बिक्रीका लागि होइन।

लालु र भोलु दुवै मुख बाउँदै र तिखा दाँत देखाउँदै त्यहाँ आइपुगे । तिनलाई देख्नेबित्तिकै स्यालको सातोपुत्लो उड्यो । स्याल त्यहाँबाट कुलेलम ठोक्यो ।



बिक्रीका लागि बेइन

त्यसपछि बुढी आमा बिस्तारै लौकाबाट बाहिर निस्किन्। उनले लालु र भोलु दुवैलाई सुमसुम्याउँदै स्याबासी दिइन्। त्यस बेला उनी गुनगुनाउँदै थिइन्–

"लौकाभित्र गुड्दै गएर मितिनीलाई भेटिन्।
बुद्धि खेलाई बुढी आमाले स्याललाई लखेटिन्॥"



बिक्रीका लागि होइन

बिक्रीका लागि होइन ।